जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १० पृष्ठः ४ | २०८३ बैशाख १५ मंगलबार (Tuesday 28 April 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## वर्षाले कमला पुलको अस्थायी बाँधमा क्षति, समस्याको दीर्घकालीन समाधान खोज्दै प्रशासन

पुनः बाँध भत्किने सम्भावना रहेकाले समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए।



सिरहा, १४ वैशाख। सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमला नदी पुल नजिकको अस्थायी बाँध भत्किँदा आवतजावत प्रभावित भएको छ। पुलको डाइभर्सनदेखि करिब ३०० मिटर अगाडि माटोको अस्थायी बाँध बाढीले बगाएपछि आवतजावत प्रभावित भएको हो। स्थानीय रामचन्द्र यादवका अनुसार, बाँध भत्किएपछि सयौं सवारीसाधन बीचमै फसेका थिए। तिनलाई स्थानीयको सहयोगमा उद्धार गरिएको थियो।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले वर्षा र बाढीका कारण पुल नजिकको अस्थायी संरचना क्षतिग्रस्त भएको बताए। उनले तत्कालै निर्माण व्यवसायीले डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको जानकारी दिए। पुनः बाँध भत्किने सम्भावना रहेकाले समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको उनले बताए। 'दीर्घकालीन समाधानको उपाय खोज्न सिरहाका तीन वटै क्षेत्रका प्रतिनिधिसभा सदस्य लगायतसँग जिल्ला प्रशासन कार्यालयमा बैठक बसेको छ।

बैठकबाट निकास निस्किएपछि मात्र केही भन्न सकिन्छ,' उनले भने। बैठकमा सिरहा क्षेत्र नम्बर १ का बब्लु गुप्ता, सिरहा–२ का शिव कुमार यादव, सिरहा–३ का डा. शम्भु कुमार यादव सहभागी थिए। करिब १४ वर्षअघि ठेक्का सम्झौता भएको कमला नदी पुल निर्माण अझै सम्पन्न हुन नसक्दा स्थानीयवासीले सास्ती खेप्दै आएका छन्।

हुलाकी राजमार्गअन्तर्गत पर्ने यो पुल निर्माणका लागि २०६८ जेठमा पप्पु–लुम्बिनी जेभीसँग २४ करोड

**–बाँकी तीन पेजमा**

## मिर्चैयामा चट्याङ लागेर श्रीमतीको मृत्यु, श्रीमान् घाइते

सिरहा, १४ बैशाख। सिरहाको चट्याङले लागेर श्रीमतीको मृत्यु मृत्यु भएको छ भने उनका श्रीमान् घाइते भएका छन्। मंगलबार राति करिब साढे १० बजे परेको चट्याङ लागेर मिर्चैया नगरपालिका ९ भगवतपुरका अन्दाजी ३० वर्षीया रंजितादेवी सदाको मृत्यु भएको हो। चट्याङ लागेर उनका श्रीमान् ३५ वर्षीय मिथिलेश सदा घाइते भएका छन्।

रंजिताको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। उनको शरीरमा बाहिरी चोटपटक भने देखिएको छैन। घाइते भएका मिथिलेशको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीको भनाइ छ।

## गोलबजारबाट करिव ७ ग्राम ब्राउनसुगरसहित साह पक्राउ

सिरहा, १४ बैशाख। गोलबजार प्रहरीले अवैध लागु पदार्थ ब्राउन सुगरसहित एक युवकलाई नियन्त्रणमा लिएको छ। गोलबजार नगरपालिका ६ बाट ६ ग्राम ६३० मिलिग्राम र नगद ३८ हजार ३८५ रूपैयाँसहित स्थानीय २५ वर्षीय शेखर कुमार साहलाई आइतबार राति प्रहरीले पक्राउ गरेको हो। विशेष सूचना तथा संकास्पद गतिविधिको आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले

**–बाँकी तीन पेजमा**

## स्थानीयसँग विवादमा उत्रिएका सशस्त्रका डिएसपी हमाल बर्दिबासको छिन्नमस्ता बाहिनी तानिए

सिरहा, १४ वैशाख। सिरहाको बरियारपट्टी सीमाक्षेत्रमा खटिएका सशस्त्र प्रहरीका डीएसपी विजय हमाल महोत्तरीको बर्दिबासस्थित छिन्नमस्ता बाहिनीमा तानिएका छन्। स्थानीयसँगको विवाद, भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग लगायतका विषयमा छानबिनका लागि उनलाई बाहिनी तानिएको सशस्त्र प्रहरी प्रवक्ता एवम् डीआईजी विष्णुप्रसाद भट्टले जानकारी दिए। हुलाकी राजमार्ग अन्तर्गत सिरहाको बरियारपट्टी सीमा क्षेत्रमा भन्सार छली गरी ल्याइँदै गरेको डिजेल सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि स्थानीयसँग विवाद भएको थियो। सोही विवादका क्रममा डिएसपी हमाल आक्रोशित शैलीमा प्रस्तुत भएका थिए।





सो घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल छ। सो भिडियोमा डिएसपी हमाल आक्रोशित हुँदै 'तिमीहरु तस्कर हौ' भनेको सुनिन्छ। सशस्त्र प्रहरीको व्यवहारप्रति आपत्ति जनाउँदै प्रतिवाद उत्रिएका स्थानीयले 'भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग गर्ने तपाईं तस्कर होइन, अनि हामी कसरी तस्कर ?' भन्दै प्रश्न गरेको देखिन्छ। भिडियोमा डिएसपी हमाल हेलमेट लगाएर बीआर ०६ डीवाई ३०४१ नम्बरको मोटरसाइकलमा आएको पनि देखिन्छ। विवादपछि स्थानीयहरूले सिरहा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य शिवकुमार

**–बाँकी तीन पेजमा**



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।
- स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# बजारको प्रभावकारी र नियमित अनुगमन आवश्यक

केही समययता नेपालको बजार दैनिक उपभोग्य वस्तुको मूल्य धेरै बढेको पाइएको छ। आधिकारिक मुद्रास्फीति दर उच्च नहुँदा पनि उपभोग्य सामग्रीको मूल्य वृद्धि तीव्र हुनुले अहिलेको महँगी स्वाभाविक होइन। सम्भवतः आपूर्ति, वितरण र बजार अनुगमनको कमजोरीका कारण यो कृत्रिम वृद्धि भएको हो। अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि इन्धन आपूर्ति प्रभावित हुँदा उपभोग्य वस्तुको पनि उत्पादन, ढुवानी र वितरणमा लगानी बढ्नु स्वाभाविक हो। बजारले यी सबैको हिसाब गरेर नै मूल्य निर्धारण गर्छ। तर, युद्ध सुरु नहुँदै बजारमा पुगेका सामान र विशेष गरी खाद्य सामग्रीमा रातारात मूल्य बढाउनु भने कृत्रिम मूल्यवृद्धि नै हो।

महँगी बढी भयो भन्ने जनगुनासोको उत्तरमा सरकारी अधिकारीहरू प्रायः औपचारिक मुद्रास्फिति दरलाई देखाउने गर्छन्। तर पछिल्ला महिनाहरूमा उपभोक्ताले महँगीको भार निकै बढेको महसुस गरेका छन्। यसले सरकारी संयन्त्र र बजारको यथार्थबीच निकट एवं वस्तुपरक सम्बन्ध स्थापित नभएको देखिन्छ। अहिले बजारमा महसुस गरिएको महँगी कृत्रिम चरित्रको छ। सम्भवतौ यो बजार संरचना, कमजोर नियमन र मिलेमतोपूर्ण व्यवहारको उपज हो। आधिकारिक तथ्यांकले नेपालको महँगी भारत र भुटानको भन्दा धेरै देखाउँदैन। तर तरकारी, फलफूल, निर्माण सामग्री, खानेतेलजस्ता वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धिले उपभोक्ता भने मारमा परेका छन्।

नेपालमा कृत्रिम महँगी बढ्नुका कारणहरू अस्पष्ट छैनन्। पहिलो, आपूर्ति शृङ्खलामा बिचौलियाको अत्यधिक प्रभुत्व छ। उत्पादनस्थलबाट उपभोक्तासम्म आइपुग्दा मूल्यमा अनावश्यक तहहरू थपिन्छन्। दोस्रो, थोक व्यापारीबीचको 'कार्टेलिङ' प्रवृत्तिले खुला बजारमा हुनुपर्ने प्रतिस्पर्धा प्रभावहीन भएको छ। तेस्रो, सरकारी अनुगमन कमजोर र असंगत छ। कतिसम्म भने अनुगमन हुने दिन मूल्य घट्ने र पछि पुनः बढ्ने प्रवृत्तिसमेत बजारमा देखिन्छ। सरकारी संयन्त्रको बजार अनुगमन चाडपर्व सुरु भएसँगै जाग्ने र दसैं खर्च जुटेपछि निदाउने गर्छ भनेर व्यापारीहरूले नै कटाक्ष गर्ने गर्छन्। यसो त उपभोक्ताको पनि उपभोग्य वस्तु थुपारेर कृत्रिम अभाव बनाउने बानी नै लागेको छ।

भारतमा भने आवश्यक वस्तुमा भण्डारण सीमा, बजार अनुगमन र सार्वजनिक वितरण प्रणाली जस्ता संयन्त्र सक्रिय छन्। भुटानमा बजार सानो भए पनि सरकारी हस्तक्षेप छिटो र प्रत्यक्ष हुने भएकाले मिलेमतो दीर्घकालीनरूपमा टिक्न नसक्ने मानिन्छ। यसबाट महँगी धेरै बढ्ने मूलकारण राज्यको प्रभावकारी उपस्थिति नहुनु हो भन्ने स्पष्ट हुन्छ। अहिलेको सरकारले खुला बजारको संस्कार र अभ्यास नबिथोलीकन उपभोक्तालाई कम्तीमा दैनिक उपभोगका वस्तुमा हुने कृत्रिम महँगीबाट जोगाउन प्राथमिकता दिनुपर्छ। सरकारको नीतिगत स्पष्टता र कार्यान्वयन क्षमता दुवैमा तत्काल सुधार गर्नु आवश्यक देखिन्छ। बजार अनुगमनलाई आकस्मिक अभियान होइन नियमित संस्थागत अभ्यास बनाउनुपर्छ।

यस्तै कार्टेल र सिन्डिकेटमाथि कडा कारबाही गरी प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नुपर्छ। सीमावर्ती बजारसँग दैनिक मूल्य तुलना गरी अस्वाभाविक अन्तर देखिएमा तुरुन्त हस्तक्षेप गर्ने संयन्त्र आवश्यक छ। साथै, आपूर्ति शृङ्खलामा पारदर्शिता बढाउन डिजिटल बिलिङ, ट्र्याकिङ र उपभोक्ता उजुरी प्रणालीलाई प्रभावकारी बनाइनुपर्छ। बजारमा अधिकांश मझौला खुद्रा पसलहरूमा सामानको अधिकतम खुद्रा मूल्य सबैले बुझ्नेगरी अङ्कमा लेख्नुको साटो कोडमा अङ्कित गर्ने चलन छ। यसले सोझा र व्यस्त उपभोक्ता बढी ठगिने गरेका छन्। बजारको नियमित अनुगमन हुने भए कम्तीमा यसरी अधिकतम मूल्य पनि गोप्य राख्ने पक्कै गरिने थिएन। साथै, अधिकतम खुद्रा मूल्य स्पष्ट नलेख्ने पसलमा किनमेल नगर्ने अभ्यास उपभोक्ताले पनि अपनाउनुपर्छ।

कृत्रिम महँगी आर्थिक समस्यामात्र नभई शासनको विश्वसनीयताको सूचक पनि हो। उपभोक्ताले बजारमा ठगिएको अनुभव गर्नुपर्दा उसको राज्यप्रतिको विश्वास पनि खस्किन्छ। त्यसैले कृत्रिम महँगी नियन्त्रण उपभोक्तालाई सहुलियतमात्र नभएर सुशासनको अनिवार्य सर्त पनि हो। बजारको नियमित र प्रभावकारी अनुगमन गरेर जनतालाई कृत्रिम महँगी नियन्त्रण हुने विश्वास दिलाउनु सरकारको कर्तव्य हो।

# दोहोरो नागरिकता, वंशज नागरिकता, रेमिट्यान्स, मताधिकार

## 'नोट चल्ने, भोट नचल्ने' भन्ने प्रचलित भनाइ छ तर यो केही हदसम्म अमूर्त र भ्रामक पनि छ



सर्वेश शर्मा

केही समयदेखि गैरआवासीय नेपाली संघ (एनआरएनए)ले पैरवी गर्दै आएको दोहोरो नागरिकताको विषय र हालसालै केही राजनीतिक दलले पनि चुनावी घोषणापत्रमा समावेश गरेका छन्। साथै, नेपाल सरकारले गैरआवासीय नेपाली नागरिकता ऐनको प्रक्रिया अघि बढाएको सन्दर्भमा यस विषयमा बहस पुनः सक्रिय भएको छ। विदेशस्थित नेपाली नागरिकका हिसाबले दोहोरो नागरिकता, वंशज नागरिकता, रेमिट्यान्स र मताधिकारबारे थोरै लेख्न मन लाग्यो।

देशमा केही अवसर नपाएर, देश खत्तमै भएको कारण विदेशिनु परेको भन्दै दिनदिनै नेपालतिर फर्केर गुनासो गर्ने अनि आमाबाबु र परिवारप्रतिको जिम्मेवारी पूरा गर्न पठाएको केही पैसालाई 'मैले रेमिट्यान्स पठाएर देश जोगाएको छु' भन्ने दम्भबीच तादात्म्य छैन। देश सम्झेर होइन परिवारलाई पठाएको पैसा हो। यो महानताको भ्रम त्याग्नु आवश्यक छ।

त्यो पनि कमसेकम नेपाल पैसा पठाउँदा वैध बैंकिङ च्यानलबाट पठाउनु, हुन्डी नगर्नु नि। 'मैले हुन्डी गरेको छैन' भनिला तर विदेशमा डलर दिएर नेपालमा नेपाली रुपैयाँ लिनु हुन्डी नै हो। नेपालीहरूका विदेशस्थित फेसबुक समूहमा खुलेआम हुन्डीसम्बन्धी पोस्टहरू हुन्छन्। जानीनजानी धेरैजना हुन्डीमा संलग्न छन्। परिमाण जति होस् वा कारण जे होस् हुन्डी गैरकानुनी नै हो भन्ने बुझ्नुपर्छ।

त्यसरी नै वार्षिक ठूलो परिमाणमा नेपालबाट पैसा विदेशिन्छ। सामान्यीकरण गर्न नमिल्ला तर धेरै नेपालीहरूमा नेपालका सम्पत्ति बेचेर गैरकानुनीरूपमा हुन्डीमार्फत विदेश पैसा लैजाने र उतै घर किन्ने प्रवृत्ति देखिन्छ। अनि तिनैलाई वंशज नागरिकताको निरन्तरता पनि चाहिएको छ। गैरआवासीय नेपालीले देशमा गरेको लगानी सराहनीय छ तर डायस्पोराबाट पुँजी, अनुभव र सीप नेपालमा भित्र्याउन वंशजको नागरिकता आवश्यक छैन। नेपालमा लगानी त विदेशीहरूले पनि गरिरहेकै छन्। आजको विश्वव्यापी लगानी बजारमा के ले रोक्छ ?

**वंशज नागरिकता नहुँदा के गुम्छ ?**

**पासपोर्ट र मताधिकार होइन र ?**

विश्वव्यापीरूपमा तल्लो स्थानमा रहेको नेपाली पासपोर्ट लिएर विदेशी नागरिकहरू पक्कै हिँड्दैनन्। वर्षौंमा एकपटक नेपाल आउन समय, पैसा र बिदाका लागि अनेक जुगाड गर्नुपर्ने अवस्था हुन्छ। आवधिक निर्वाचनमा पैसा खर्च गरेर भोट हाल्न त पक्कै आउँदैनन्।

**आखिर लोभ केको?**

जग्गाजमिनको स्वामित्व, लगानी र बिना भिसा आवतजावत गर्ने अधिकार गैरआवासीय नागरिकताले पनि दिएकै छ। 'मेरो वंशजको नागरिकता खोस्यो' भनेर गुनासो गर्नु जायज छैन। भर्खरै विदेशी नागरिकता लिएकाहरूका लागि नेपाली वंशज नागरिकता गुम्नुको भावनात्मक पाटो अवश्य हुन्छ। तर उतै जन्मेका हुर्केका, अझ विदेशमा गैरनेपाली मूलका व्यक्तिसँग विवाह गरेर जन्मिएका सन्तानलाई नेपालको नागरिकताको न त महत्त्व हुन्छ, न खोजी। त्यसैले वंशज नागरिकताको सान्दर्भिकता कानुनी र व्यावहारिकरूपमा विदेशी नागरिकता लिएसँगै अन्त्य हुन्छ।

साथै, चाहना भएमा बाबुआमाको देशसँग भावनात्मक सम्बन्ध राख्न त्यो कागजले रोक्दैन। भविष्यमा स्थायीरूपमा नेपाल आएर बस्ने भए पुनः नागरिकता प्राप्त गर्ने बाटो खुला रहनुपर्छ केही वर्ष स्थायी बसोबासको प्रमाणसहित। करिब पाँच वर्षदेखि स्थायी बसोबास अनुमति (चलनचल्तीमा पीआर) लिएर नेपाली नागरिकका रूपमा क्यानाडामा बसोबास गरिरहेको अनुभवका आधारमा मेरो अवलोकनमा –

बिनानागरिकता पीआरले मात्र पनि क्यानाडालगायत धेरै देशमा बसेर सरकारी सेवासुविधा र रोजगारीको अवसर पाइन्छ। तर नागरिकता पाउने दिन कुर्दै तामझामका साथ नागरिकता लिएर पासपोर्ट सामाजिक सञ्जालमा प्रदर्शन गर्ने पूर्वनेपालीहरूकै नेपाली नागरिकता त्यसमाथि पनि वंशजकै निरन्तरता हुनुपर्ने माग हास्यास्पद लाग्छ। नेपाल छोडिसकेका नेपालीहरूले वंशज नागरिकताको बिलौना गर्नुको सट्टा विभिन्न प्रक्रिया पूरा गरेर लामो समयपछि प्राप्त गरेको नागरिकता र त्यस देशले दिएको अवसरको सराहना गर्नु तथा आफू नागरिक रहेको देशप्रति जिम्मेवारी वहन गर्नु वाञ्छनीय हुन्छ। आजकल धेरै आप्रवासी भएका देशहरूमा आप्रवासीप्रति समाजको गुनासो पनि यही हो – त्यस देशमा अवसर लिन आउने तर अपनाउन आनाकानी गर्ने।

**नेपाल सरकारले गैरआवासीय नेपालीसम्बन्धी ऐन अघि बढाउँदा निम्न विषयहरू सम्बोधन गर्नु आवश्यक देखिन्छ –**

– विदेशमा पीआर वा सो सरह हैसियतमा बसोबास गरिरहेका नेपाली नागरिकलाई नेपालमा रोजगारी तथा केही विशिष्ट पदबाहेक सार्वजनिक नियुक्तिमा सहजता प्रदान गर्ने। हाल विद्यमान व्यवस्थाले पीआर र विदेशी नागरिकता वाहकलाई एकैसरह व्यवहार गरेको पाइन्छ।

– विदेशी नागरिकता लिएपछि नेपाली नागरिकता स्वतः खारेज हुने व्यवस्था पूर्णरूपमा कार्यान्वयन गर्ने, विदेशी निकायसँग समन्वय गरेर त्यस्ता व्यक्तिको अभिलेख राख्ने।

– विदेशी नागरिकता त्यागेर नेपाली नागरिकता पुनः प्राप्ति सहज बनाउने तर विशिष्ट सार्वजनिक पद तथा कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्न कम्तीमा पाँच वर्षको 'कुलिङ पिरियड' कायम गर्ने।

– विगतमा विदेशी नागरिक हुँदा अवैधानिकरूपमा नेपाली नागरिकता वा पासपोर्ट प्रयोग गरेको प्रमाण भेटिए कालोसूचीमा राखी निर्वाचनमा उम्मेदवार बन्न रोक लगाउने।

**विदेशमा बस्ने नेपालीहरूको मताधिकार**

'नोट चल्ने, भोट नचल्ने' भन्ने प्रचलित भनाइ छ तर यो केही हदसम्म अमूर्त र भ्रामक पनि छ।

पहिलो, स्पष्ट हुनुपर्छ मताधिकार नागरिकलाई मात्र हुन्छ।

दोस्रो, यसलाई दुई वर्गमा विभाजन गर्नुपर्छ।

**१. स्थायी बसोबासको सुविधा दिने देश**

ती देशमा गएका अधिकांश नेपालीहरूको लक्ष्य पीआर र नागरिकता प्राप्त गर्नु हुन्छ। निकट भविष्यमा गैरनेपाली बन्ने लक्ष्य राखेकाहरूलाई लक्षित गरेर मतदान व्यवस्था गर्नु त्यति औचित्यपूर्ण हुँदैन। अर्कोतर्फ, विदेशी नागरिकता लिइसकेर पनि नेपाली नागरिकता नत्यागेका र मतदाता सूचीमा नाम नहटाएका व्यक्तिहरू छुट्याउन कठिन हुन्छ। गैरनागरिकले गरेको मतदान अवैध हुन्छ। अपवादस्वरूप, ती देशमा रहेका अन्य नेपाली नागरिकहरूले सम्भव भएसम्म नेपाल फर्किएर भोट दिने, नमिले नदिने। दुःख मनाउनुपर्ने कुरा होइन।

**२. स्थायी बसोबासको सुविधा नदिने देश**

श्रम स्वीकृति लिएर अस्थायी कामदार भिसामा गएका नेपाली नागरिक धेरै भएका देशहरूमा सम्भव भएसम्म मतदानको व्यवस्था गर्नु जायज हुन्छ। तर यो भावनाले मात्र सम्भव हुँदैन। व्यवस्थापन र सहभागिता चुनौतीपूर्ण हुन्छ। ती देशका कानुन, भूगोल र श्रमिकका अवस्थालाई हेर्दै क्रमिक रूपमा विदेशस्थित संयन्त्रमार्फत मतदान सुविधा विस्तार गर्नु उचित हुन्छ।

अन्त्यमा, एनआरएनए संस्थाले विदेशमा रहेका नेपाली नागरिक तथा विदेशी नागरिकतावाहक नेपालीका हक अधिकारका विषयमा पैरवी गर्ने र विश्वभरिका नेपालीलाई जन्मभूमिसँग जोड्ने कडीका रूपमा खेलेको भूमिकाप्रति धन्यवाद दिनुपर्छ। तर एनआरएनएको राजनीतिका नाममा त्यस संस्थासँग जोडिएका केही सदस्यहरूले विशेषगरी नागरिकता र मताधिकारका विषयमा गलत सूचना, आश्वासन र भ्रम फैलाउनु खेदजनक छ। यसप्रति विवेकशील नेपाली समुदायको गम्भीर ध्यानाकर्षण आवश्यक छ। (ब्रिटिस कोलम्बिया, क्यानाडा) बाह्रखरी

# निःशुल्क आँखा–कान शिविरमा ३२० जनाले सेवा पाए

**विनय कर्ण**

सप्तरी, १४ वैशाख। सप्तरीको महदेवा गाउँपालिका–१ मा आयोजित एकदिने निःशुल्क आँखा तथा कान उपचार शिविरबाट तीन सयभन्दा बढी स्थानीय लाभान्वित भएका छन्। गायत्री आँखा तथा कान उपचार केन्द्रको आयोजना तथा विराट आँखा अस्पताल, विराटनगरको प्राविधिक सहयोगमा आइतबार आयोजित शिविरमा ३२० जना बिरामीले सेवा पाएका हुन्। आँखा तथा कानसम्बन्धी रोगका बिरामीहरू आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै शिविर आयोजना गरिएको केन्द्रका सञ्चालक तथा दृष्टि विशेषज्ञ डा. नन्दकिशोर यादवले जानकारी दिनुभयो।

शिविरको उद्घाटन गर्दै राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले गरिब तथा विपन्न वर्गलाई लक्षित यस्ता कार्यक्रमबाट स्थानीयले प्रत्यक्ष लाभ पाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्वास्थ्य सेवाबाट वञ्चित बिरामीलाई यस्ता शिविरले ठूलो राहत पुग्ने बताउनुभयो। शिविरमा डा. नन्दकिशोर यादवसहित विराट आँखा अस्पतालका डा. दिपेश कुमार महतो, डा. इच्छामा लिम्बुलगायत चार सदस्यीय चिकित्सक टोलीले सेवा प्रदान गरेको अस्पतालका प्रतिनिधि अमित कुमार मण्डलले जानकारी दिनुभयो।

शिविरमा बिरामीको परीक्षण, उपचार तथा निःशुल्क औषधी वितरण गरिएको थियो। साथै, जटिल प्रकृतिका आँखा र कानका बिरामीका शल्यक्रियामा लाग्ने शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# मुआब्जा लिएको १० वर्ष बित्दा पनि खाली गराउन सरकारलाई सकस

**शारदा पोखरेल**

बारा, १४ वैशाख। राष्ट्रिय गौरवको आयोजना प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काँटगाउँमा मुआब्जा दिइसकिएको जग्गा खाली गराउन सकस देखिएको छ। अन्तर्राष्ट्रिय विमानस्थलको चारकिल्लाभित्र पर्ने काँटगाउँका ११२ घरधुरीमध्ये छिटफुटबाहेक अधिकांशले २०७४ सालदेखि मुआब्जाको रकम बुझिसकेका छन्। काँटगाउँका स्थानीयहरूले मुआब्जाको रकमले कोल्हवी र आसपासको क्षेत्रमा घरजग्गा समेत किनिसकेको विमानस्थल कार्यालयले जनाएको छ।

तत्कालीन समयमा ७० बिघा जग्गाको चलनचल्तीको मूल्याङ्कनअनुसार रकम वितरण गरिएको थियो। मुआब्जा पाएका स्थानीयहरूले आफ्नो घरमा भएका काठदाउरासहित सम्पूर्ण सरसामान लैजान पाउनुपर्ने माग राखेका थिए। टाँगियाबस्ती संघर्ष समितिका सदस्य रमेश सापकोटाले राष्ट्रिय वन क्षेत्रबाहेक निजी जग्गामा बसोबास गर्ने अधिकांशले मुआब्जा बुझेर अन्यत्र घरजग्गा किनिसकेका बताए।

'१० वर्षअघि मुआब्जा बुझेकाहरूले जग्गा किनेर घर बनाइसकेका छन्। जग्गाको भाउ बढेर धेरै भइसक्यो,' संघर्ष समितिका संयोजक सापकोटाले भने, 'तर अहिले पनि विमानस्थलको जग्गाबाट घर सारिएको छैन, बाली पनि खाइरहेकै छन्।' मन्त्रिपरिषद्को निर्णयमार्फत् संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयले काँटगाउँको जग्गालाई वर्गीकरण गरेर मूल बाटोले छोएको जग्गालाई प्रतिकट्ठा ४ लाख ६० हजार, भित्री वा सहायक बाटोसँग जोडिएकोलाई प्रतिकट्ठा ३ लाख ३९ हजार २५० र खेतलाई प्रतिकट्ठा २ लाख ४१ हजारको दरले मुआब्जा वितरण गरेको थियो।

विमानस्थलको चारकिल्लाभित्र काँटगाउँ, टाँगियाबस्ती र मटियानी गरी तीन गाउँ पर्छन्, जहाँ करिब २ हजार घरधुरी बसोबास गर्छन्। निजी जग्गामा बसोबास गर्ने ११० घरधुरीबाहेक अन्यले भने सहजनाथ साझेदारी र राष्ट्रिय वनको जग्गा भोगचलन गर्दै आएका छन्। अन्तर्राष्ट्रिय विमानस्थल सिमरा कार्यालयका कार्यवाहक प्रमुख विजय यादवले सरकारले घरसारको निर्णय गर्न नसक्दा मुआब्जा बुझिसकेका स्थानीयहरूलाई हटाउन नसकिएको बताए।

'मुआब्जा दिए पनि सरकारले छुटपुर्जी उपलब्ध गराउन नसक्दा काँटगाउँ खाली गर्न सकिएको छैन,' कार्यवाहक प्रमुख यादवले भने, 'छुटपुर्जी संघीय सरकारले जारी गर्छ। त्यसका लागि हामीले पहल गरेका छौँ।' विमानस्थल कार्यालयले घरसारको अनुमतिका लागि लगत उठाएर डिभिजन वन कार्यालयमार्फत प्रदेश वन निर्देशनालय हुँदै प्रदेशको वन तथा वातावरण मन्त्रालयमा फाइल पठाएको थियो।

तर प्रदेश वन मन्त्रालयबाट काम अगाडि बढ्न नसक्दा घरसारको काम अगाडि बढ्न नसकेको यादवको भनाइ छ। उनले पछिल्लो समय सर्वोच्च अदालतबाट नयाँ आदेश आएकाले पुरानो चारकिल्ला बदर गरेर पुनः नयाँ चारकिल्ला प्रमाणित गरेर मात्रै घरसारको निर्णय गर्नुपर्ने बताए। डिभिजन वन कार्यालय बाराले भने सरकारले घरसारको इजाजत रोक्का गरेकाले काँटगाउँ खाली गराउन नसकिएको जनाएको छ।

# मधेसका मुख्यमन्त्री र वनमन्त्रीको मौनताप्रति हस्तक्षेपको माग गर्दै कांग्रेस सभापति गगन थापालाई खुला पत्र

जनकपुरधाम, १४ वैशाख। चुरे तथा वनजङ्गल संरक्षण अभियानले रौतहट डिभिजन वन कार्यालयमा भइरहेको अनियमितताप्रति मधेस प्रदेशका मुख्यमन्त्री र वनमन्त्रीले देखाएको मौनताप्रति हस्तक्षेप गर्न भन्दै नेपाली कांग्रेसका सभापति गगन थापालाई खुला पत्र सार्वजनिक गरेको छ। अभियानका अध्यक्ष सुनिल कुमार यादवले नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई सम्बोधन गर्दै सार्वजनिक गरेको खुला पत्रमा मधेस प्रदेश सरकारको भूमिकामाथि प्रश्न उठाइएको छ। पत्रमा मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले उक्त प्रकरणमा मौनता अपनाएको आरोप लगाइएको छ।

मधेसका मुख्यमन्त्री र वनमन्त्री दुवै नेपाली कांग्रेसका रहेकाले हस्तक्षेपकारी भूमिका निर्वाहका लागि कांग्रेस सभापति थापालाई खुला पत्र पठाएको अभियानका अध्यक्ष यादवले जानकारी दिए। खुला पत्रमा डीएफओ हेमन्त साहले यसअघि महोत्तरीमा कार्यरत रहँदा समेत सरकारी वनलाई निजी स्वार्थमा प्रयोग गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको र मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गरिएको छ।

अहिले रौतहटमा सरुवा भई आएपछि पुनः वन क्षेत्रको दोहन र अनियमिततामा साहको भूमिका देखिएको दाबी खुला पत्रमा गरिएको छ। पत्रमा काठ आपूर्ति प्रक्रियामा अनियमितता, गोप्य रूपमा मिलहरूसँग मिलेमतो गरी कम दरमा काठ लिलाम गरी कमिसन लिएको, सामुदायिक वनको बजेट दुरुपयोग गरेको, अवैध रूपमा रुख कटान गराएको, प्रमाण नष्ट गर्न आगजनी गराएको जस्ता गम्भीर आरोप उल्लेख छन्। त्यसैगरी, नुनथर क्षेत्रमा नियमविपरीत संरचना निर्माणमा आर्थिक लाभ लिएको, सामुदायिक वनमा काठ तस्करी गराएको, वन क्षेत्रहरूमा व्यापक अवैध कटानी गराएको र सरुवा प्रक्रियामा समेत अनियमितता गरेको आरोप पनि लगाइएको छ।

अभियानले वन मन्त्रालय स्वयं पनि शंकाको घेरामा परेको उल्लेख गर्दै तत्काल स्थलगत अनुगमन, अडिट रिपोर्ट परीक्षण, बैंक स्टेटमेन्ट जाँच तथा संलग्न कर्मचारीहरूमाथि कारबाही गर्न माग गरेको छ। यादवले डीएफओ साहलाई तत्काल प्रदेशमा झिकाएर उच्चस्तरीय छानबिन गर्नुपर्ने, अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जाने चेतावनी दिएका छन्। चुरे क्षेत्रमा भइरहेको ढुंगा–गिट्टी उत्खनन र क्रसर सञ्चालनबाट भइरहेको दोहनमा पनि राजनीतिक संरक्षण रहेको संकेत गर्दै यादवले यसतर्फ सरकारको ध्यानाकर्षण गराएका छन्। अभियानले तत्काल छानबिन र कारबाही प्रक्रिया अघि नबढेमा भ्रष्टाचारविरुद्ध थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ।

# 'स्टोर किपर'को भरमा नेपाल रेल्वे

जनकपुरधाम, १४ वैशाख। नेपालको एकमात्र रेल सेवा अहिले नेतृत्वविहीन अवस्थामा छ। नेपाल रेल्वे यतिबेला 'स्टोर किपर'को भरमा सञ्चालन भइरहेको छ। प्राविधिक जनशक्तिको अभाव, विदेशी कर्मचारीमाथिको निर्भरता, कमजोर व्यवस्थापन र बढ्दो ऋणबिच नेपाल रेल्वे कम्पनी सञ्चालन भइरहेको छ। सात महिनादेखि प्रबन्धक पद रिक्त हुँदा निर्णय प्रक्रिया प्रभावित भएको छ भने सेवा प्रवाहमा समेत त्यसको असर परेको कर्मचारी बताउँछन्।

भारतको जयनगरदेखि महोत्तरीको भङ्गहासम्म ५२ किलोमिटर दुरीमा सञ्चालन भइरहेको रेल सेवा अहिले दैनिक तीन सिफ्टमा सञ्चालन भइरहेको छ। दैनिक करिब अढाई लाखको हाराहारीमा आम्दानी हुने गरे पनि व्यवस्थापन र खर्च संरचनाका कारण कम्पनी घाटामा चलिरहेको छ। तत्कालीन महाप्रबन्धक निरञ्जन झाका अनुसार मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ र खर्च एक करोड २९ लाख रुपैयाँसम्म पुग्ने गरेको छ। रेल्वेको आम्दानीले खर्च धान्न सक्ने अवस्था नरहेको उनले बताए।

सरकारको जमानीमा ऋण लिएर रेल सेवा सञ्चालन गर्नुपर्ने अवस्था आएको झाले प्रस्ट पारे। २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित कुल ऋण ७९ करोड नाघिसकेको छ। नेपाल रेल्वे कम्पनीको आर्थिक विवरणअनुसार आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ सम्म कुल १९ करोड २१ लाख रुपैयाँ आम्दानी भएको छ भने सोही अवधिमा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ। पछिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ८ करोड ५० लाख रुपैयाँ आम्दानी हुँदा २६ करोड २७ लाख रुपैयाँ खर्च भएको तथ्यांकले देखाएको छ।

रेल्वेमा नेपालीतर्फ १४२ जना दैनिक ज्यालादारी कर्मचारीसहित एक स्थायी कर्मचारी, रेल विभागबाट एक कर्मचारी, सडक विभागबाट एक कर्मचारी कोलोनिकाबाट लेखापाल कार्यरत छन्। तर सञ्चालनका मुख्य प्राविधिक जिम्मेवारी भने भारतीय कर्मचारीले सम्हालिरहेका छन्। भारतीय पक्षबाट अहिले २३ जना कर्मचारी कार्यरत छन्, जसमा रेलचालक, स्टेसन मास्टर र पोइन्ट्सम्यान रहेका छन्। रेल सञ्चालनका महत्त्वपूर्ण जिम्मेवारी विदेशी जनशक्तिमाथि निर्भर हुँदा कम्पनीको खर्च उच्च रहेको रेल्वे स्रोत बताउँछ।

नेपाल रेल्वेका 'स्टोर किपर' केवलबहादुर नेपालीले अहिले दैनिक सञ्चालन व्यवस्थापन सम्हालिरहेका छन्। महाप्रबन्धक नहुँदा कार्यालयको नियमित कामदेखि समन्वयसम्मको जिम्मेवारी उनकै काँधमा आएको छ। 'महाप्रबन्धक पद सात महिनादेखि रिक्त छ। निर्णय गर्ने अधिकार नभए पनि दैनिक सञ्चालन रोक्न मिल्दैन। जसरी हुन्छ, सेवा चलाउनुपर्छ भन्ने दबाब छ,' नेपालीले भने।

उनका अनुसार रेल्वेमा सूचना अधिकारीसमेत नहुँदा यात्री र सरोकारवालालाई सूचना दिन कठिनाइ भइरहेको छ। कार्यालयमा खर्चको पूर्ण विवरण पनि व्यवस्थित रूपमा अद्यावधिक नभएको उनले स्वीकार गरे। नेपाल रेल्वे विभाग प्रमुख हरिकुमार पोखरेलले छिटै नयाँ महाप्रबन्धक नियुक्ति प्रक्रिया अघि बढाउने तयारी भइरहेको जानकारी दिए। उनले मालवाहक सेवा सञ्चालन भएमा नफामुलक हुने प्रस्ट पारे।

रेल सेवालाई आर्थिक रूपमा सक्षम बनाउन आन्तरिक चुहावट नियन्त्रण प्रशासनिक सुधार राजनीतिक हस्तक्षेप अन्त्य गर्न आवश्यक रहेको पोखरेलको भनाइ छ। स्थानीय व्यवसायीहरू पनि रेललाई यात्रुवाहकमा सीमित राखेर नाफा सम्भव नहुने बताउँछन्। जनकपुरधाम उपमहानगरपालिका–४ का व्यवसायी रामकुमार झाले भने, 'रेललाई कार्गो सेवामा लैजान सकेमात्रै आर्थिक रूपमा बलियो बन्न सक्छ।'

उनका अनुसार भारतको कलकत्ता बन्दरगाहबाट सस्तो दरमा सामान ल्याउन कार्गो रेल सेवा उपयोगी हुन सक्छ। यसले व्यवसायीको ढुवानी लागत घटाउने र रेल्वेलाई नयाँ आम्दानी स्रोत दिन सक्छ। रेल्वेको अर्को ठुलो समस्या भौतिक पूर्वाधारको अभाव पनि हो। जनकपुरधाम रेल्वे हल्टमा खानेपानीको व्यवस्था छैन। ह्यान्डपाइप जडान भए पनि लामो समयदेखि सञ्चालनमा छैन। स्टेशन परिसर अव्यवस्थित देखिन्छ। फूल रोप्नुपर्ने गमलामा पान र गुट्खाका थुक देखिन्छ।

लोहारपट्टीका बासिन्दा सन्तोष साहले भने, 'रेल सेवा राम्रो छ, समय बचत हुन्छ, तर स्टेशनको अवस्था हेर्दा सरकारी बेवास्ता देखिन्छ। खानेपानी, सफाइ र बस्ने ठाउँको व्यवस्थापन हुनुपर्छ।' पूर्वमहाप्रबन्धक निरञ्जन झाका अनुसार आफ्नै चालक, स्टेसन मास्टर र प्राविधिक जनशक्ति उत्पादन गर्न सकेमा आर्थिक रूपमा निकै फाइदा हुन सक्छ। रेल्वे सञ्चालनमा फ्युलिङ स्टेशन नहुनु अर्को समस्या हो। इन्धन भारतबाट ल्याउनुपर्ने बाध्यता छ। स्थायी वर्कसप नहुँदा मर्मतसम्भारमा पनि समस्या हुने गरेको छ।

रेल विभागका अधिकारीहरूका अनुसार आगामी दिनमा रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिएर वार्षिक ८ करोड रुपैयाँ आम्दानी गर्ने योजना छ। पुरानो न्यारो गेज रेलको कोइला इन्जिनसहित रेल म्युजियम स्थापना गरेर पर्यटनमार्फत आम्दानी बढाउने योजना पनि अघि सारिएको छ। नेपाल उद्योग वाणिज्य संघ धनुषाका पदाधिकारीहरूले कार्गो सेवा सञ्चालनका लागि पटक–पटक दबाब दिँदै आएका छन्। उनीहरूका अनुसार रेलमार्फत सामान आयात–निर्यात सहज बनेमा जनकपुर क्षेत्रको व्यापारिक गतिविधिमा ठुलो परिवर्तन आउन सक्छ। कार्गो सेवा सञ्चालन, स्वदेशी दक्ष जनशक्ति उत्पादन र प्रशासनिक सुधार भएमा नेपाल रेल्वे आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्ने सम्भावना रहेको सरोकारवाला बताउँछन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

## *वर्षाले कमला ...*

९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। २०७१ मंसिरमा सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि पूरा हुन नसक्दा सात पटक म्याद थप भइसकेको छ। निर्माणको क्रममै रहेका बेला २०७८ असार १७ मा आएको बाढीले पुलका दुईवटा जग भासिएर चार वटा स्ल्याबमा क्षति पुगेको थियो। तीमध्ये सिराहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ। हाल ठेक्काको म्याद पुनः थप गर्ने प्रक्रिया अघि बढाइएको छ। बाँकी काम लुम्बिनी कम्पनीले गरिरहेको छ। पुल निर्माणको क्रममा हालसम्म २० करोड ४३ लाख रुपैयाँ खर्च भइसकेको जनाइएको छ।

## *गोलबजारबाट ...*

घरमै खानतलासी उर्दा उक्त परिमाणको लागु पदार्थ सहित पक्राउ गरेको इप्रका प्रमुख इन्सपेक्टर सुधन केसीले जानकारी दिए। पक्राउ परेका उनको सम्वन्धमा थप अनुसन्धान भईरहेको इन्सपेक्टर केसीले बताए।

## *स्थानीयसँग...*

यादवलाई घटनास्थलमा बोलाएका थिए। स्थलगत निरीक्षणपछि सांसद यादवले सम्पूर्ण स्थानीयलाई तस्करको संज्ञा दिनु गैरकानुनी र अनुचित भएको बताएका छन्।

उनले प्रहरीको पोशाकमा भारतीय नम्बर प्लेटको सवारी साधन प्रयोग गरी नागरिकलाई त्रसित पार्ने काम स्वीकार्य नभएको भन्दै घटनाबारे अनुसन्धान गरी आवश्यक कारबाही अघि बढाउनुपर्ने बताए। स्थानीयवासीहरूले प्रहरीको व्यवहारप्रति आपत्ति जनाउँदै संलग्न प्रहरीमाथि कारबाहीको माग गरेका छन्। यता, सशस्त्र प्रहरी बल सिरहाका एसपी सुमनजंग थापाले स्थानीय र प्रहरीबीचको विवादका कारण डिएसपी हमाललाई सशस्त्र प्रहरी बल मधेश प्रदेश बाहिनी–२ महोत्तरी हेडक्वाटर तानिएको जानकारी दिएका छन्। डिएसपी हमाल सशस्त्र प्रहरी बल माडर अन्तर्गत बरियारपट्टी क्षेत्रमा कार्यरत थिए।

# सामान्य वर्षामै सिरहाको लक्ष्मीचोक क्षेत्र जलमग्न

सिरहा नगरपालिकाको चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत पर्ने लक्ष्मीचोक क्षेत्र जलमग्न हुँदा आवतजावतमा कठिनाइ भएको थियो।



सुरेश राय

सिरहा, १४ वैशाख। सामान्य वर्षामै सिरहा नगरपालिका वडा नं. २ अन्तर्गत लक्ष्मी चोक क्षेत्र जलमग्न हुँदा स्थानीयको दैनिकी प्रभावित भएको छ। चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत पर्ने उक्त क्षेत्रमा हिजो रातिदेखि आज बिहानसम्म परेको वर्षाका कारण सडकमै पानी जमेको थियो। जल तथा मौसम विज्ञान विभागका अनुसार २४ घण्टाको अवधिमा सिरहा नगरक्षेत्रमा २९.२ मिलिमिटर मात्र वर्षा भएको थियो।

सो वर्षाका कारण लक्ष्मी चोक अगाडि माडर जाने बाटोमा पानी जमेर केही समय सवारी आवागमन नै अवरुद्ध बनेको थियो। पानीको निकास नभएपछि स्थानीयवासीले आफैं कोदालो प्रयोग गरी अस्थायी रूपमा नाला जस्तो बनाएर पानी निकास गरेका थिए। स्थानीय राजकिशोर साह बनियाँका अनुसार नाला निर्माण हुँदा पानी निकास सहज हुने अपेक्षा गरिएको थियो। 'पहिलेभन्दा झन् समस्या बढेको छ, सामान्य वर्षामै घर अगाडि पानी जम्छ, बाहिर निस्किनै गाह्रो हुन्छ,' उनले भने। उनका अनुसार यसले विद्यार्थीलाई विद्यालय जान समेत कठिन बनाएको छ।

त्यस्तै, अर्का स्थानीय ललित साहले सडकमै पानी जम्दा दैनिक जीवन निकै कष्टकर बनेको बताए। उचित निकासको अभावमा पानी सडकमै थुप्रिन्छ, मजदुर, व्यापारी र विद्यार्थी सबै प्रभावित भएका छन्,' उनले भने। धेरै स्थानमा सडक नै नदेखिने गरी पानी जम्दा केहीबेरसम्म सवारी आवागमनसमेत अवरुद्ध भएको उनको भनाइ छ। वडा नं. २ का अध्यक्ष राकेश यादवले समस्या समाधानका लागि पटक–पटक निर्माण व्यवसायी र सडक डिभिजन कार्यालय लहानलाई जानकारी गराउँदा पनि बेवास्ता गरिएको गुनासो गरे। 'जनताले गुनासो गर्छन्, तर सम्बन्धित निकायले ध्यान दिँदैनन्,' उनले भने।

यता, सडक डिभिजन कार्यालय लहानका इन्जिनियर अस्विन यादवले नालाको उचाइ बढी र सडकको उचाइ कम भएकाले पानी नालामा जान नसकी सडकमै जम्ने समस्या देखिएको हो। स्थानीयको गुनासोपछि सडक स्तरोन्नतिका लागि पहल भइरहेको उनले बताए। उनले भने, 'तत्कालका लागि नालामा सामान्य अवरोध हटाएर पानी निकास गर्न स्थानीयलाई आग्रह गरिएको छ।'

आर्थिक वर्ष ०८१/८२ मा सडक डिभिजन कार्यालय लहानले करिब ८ करोड रुपैयाँको ठेक्का आह्वान गरेको थियो। जसअन्तर्गत पहिलो चरणमा भगवत ग्रुप कन्स्ट्रक्सन, काठमाडौंले ६ करोड रुपैयाँमा १,१०० मिटर नाला निर्माणको ठेक्का पाएको थियो भने दोस्रो चरणमा बोहदर माई एबी–वीरगञ्जले २ करोड रुपैयाँमा ५०० मिटर नाला निर्माणको जिम्मा पाएको थियो। दुवै निर्माण कम्पनीले काम सम्पन्न गरी भुक्तानी समेत लिइसकेको इन्जिनियर यादवले जानकारी दिए।

तर, करोडौं रुपैयाँ खर्चिएर बनेको संरचनाले राहत दिनुको सट्टा थप समस्या निम्त्याएपछि स्थानीयवासी आक्रोशित बनेका छन्। उनीहरूले दीर्घकालीन समाधानसहित तत्काल सुधारका लागि सम्बन्धित निकायसँग माग गरेका छन्।

# बाढीले सडक बगाउँदा चुरेभेगमा सवारी आवागमन रोकियो

**जनार्जन खत्री**

सर्लाही, १४ वैशाख। सर्लाहीको विकट चुरेभेगमा बारम्बार आएको बाढीले खोलाको बाटो बगाउँदा स्थानीयवासी सास्ती भोग्न बाध्य भएका छन्। शनिबार साँझदेखि बेलाबेलामा भएको वर्षाका कारण लालबन्दी र ईश्वरपुर नगरपालिकाको चुरेभेगका गाउँसम्म पुग्ने खोलाको बाटो बगाएसँगै यातायात आवागमन प्रभावित बनेको हो। चुरे क्षेत्रमा सोमबार बिहान पनि थप वर्षा भई खोलामा बाढी बढेकाले सवारी साधन सञ्चालन हुन नसकेको लालबन्दी–नारायणखोला–मरिण रुटका बस व्यवसायी तथा चालक कुमार मोक्तानले जानकारी दिनुभयो।

सडक नपुगेका लालबन्दी नगरपालिका–१४ नारायणखोला, वडा नं. १५ शीर कालिन्जोर, भित्रीखोला तथा ईश्वरपुर नगरपालिका–१२ शीर फूलजोर, पिपलदमार र लामिदमार क्षेत्रमा लखन्देही, डाइनी, कालिन्जोर, फूलजोर र बाँके खोलाका बगरबाट यातायात सञ्चालन हुने गरेका छन्। एक महिनाको अवधिमा दोस्रो पटक ठुलो वर्षा भई खोलाको बाटो बगाएपछि यातायात सञ्चालनमा कठिनाइ भएको बस व्यवसायी तथा लालबन्दी नगरपालिका–१४ नारायणखोलाका वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिनुभयो।

उहाँका अनुसार आइतबार बिहानको वर्षापछि खोलाको बाटो बिग्रँदा नारायणखोला हुँदै सिन्धुलीको मरिणसम्म जाने बस सञ्चालन हुन सकेनन्। आइतबार दिउँसो लालबन्दी बजारबाट मरिणछापतर्फ गएको एउटा बस नारायणखोलास्थित नारायण दोभानमा फसेर रोकिएको पनि उहाँले बताउनुभयो। बाढीले खोलाको बाटो बगाएपछि मोटरसाइकल, जीप, बसलगायत कुनै पनि सवारी साधन सञ्चालन हुन नसक्दा चुरेभेगका बासिन्दा लालबन्दी बजारसम्म आउन तीन घण्टाभन्दा बढी पैदल हिँड्न बाध्य भएका छन्। गाडी नचलेकाले सोमबार लाग्ने हाटबजारमा आउने स्थानीयसमेत पैदलै आउन बाध्य भएका छन्।

पानी रोकिएपछि मौसम सफा भएपछि खोलाको बाटो मर्मत गरी बस सञ्चालन गरिने बस व्यवसायीहरूले बताएका छन्। बर्खायाम सुरु भएसँगै खोलामा बाढी आउँदा यातायात अवरुद्ध हुँदा चुरेभेगमा आकस्मिक बिरामी तथा गर्भवतीलाई अस्पताल पुर्‍याउन कठिन हुने गरेको स्थानीयको गुनासो छ।

# मौलापुरको जनमुखी कार्यक्रमको भुक्तानी रोकियो

रौतहट, १४ वैशाख। रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साह नगरपालिकाद्वारा सञ्चालित 'फ्रि बिजुली, फ्रि पानी' कार्यक्रम तथा छोरीको विवाहमा नगद सहयोग जस्ता लोकप्रिय कार्यक्रमको भुक्तानी रोकिएकोमा आश्चर्यचकित भएकी छन्। वर्षौंदेखि सञ्चालित यी लोकप्रिय कार्यक्रमको भुक्तानी प्रमुख प्रशासकीय अधिकृतले माथिको आदेश भन्दै रोकेकोमा मेयर साह आक्रोशित बनेकी छिन्।

'माथिको आदेश भन्दै मौलापुरमा भाँडभैलो गर्न खोजिएको छ। नगरवासीले पाउँदै आएको सेवा, सुविधा रोक्ने षडयन्त्र कसले गरिरहेको छ म आफै आश्चर्यचकित छु। संविधान र कानुन अनुसार स्थानीय सरकारले काम गर्न पाउनुपर्छ, कानुन विपरीत कुनै पनि हस्तक्षेप स्वीकार्य छैन। म प्रधानमन्त्री वालेन्द्र शाहज्यूलाई भन्न चाहन्छु, तपाई स्थानीय सरकार चलाएको एउटा अनुभवी व्यक्ति हो। त्यसैले तपाईंको कार्यकालमा स्थानीय सरकारलाई कानुन अनुसार काम गर्ने वातावरण दिनुस्। मौलापुरको जनताले पाउँदै आएको सेवा सुविधालाई कुनै पनि बहानामा रोकने कार्य हामीलाई स्वीकार्य छैन।" मेयर साहले भनिन्।

'तपाईंको संघीय सरकारले पठाएको हाकिमले बैठकको कार्यसूची आफै तय गर्छन् र निर्णय प्रमाणित पनि उपमेयरबाट गराउन भन्छन्। यो प्रचलित कानुन र मूल्य मान्यताको विपरीतको कार्य होइन ? हो भन्ने यस्तो कार्य तुरुन्त रोक्नुस्।' उनले थपिन्। मौलापुर नगरपालिका देशैभरी यस्तै लोकप्रिय कार्यक्रमका कारण चर्चित रहेको छ। यहाँको लोकप्रिय एवं राम्रा कार्यक्रम अन्य पालिकाले समेत अनुसरण गरिरहेको सन्दर्भमा यस्तो कार्य कसैले रोक्न नसक्ने उनले बताइन्। यसको निकास छिटै हुने विश्वास समेत उनले व्यक्त गरेकी छन्।

तर यी लोकप्रिय कार्यक्रमको भुक्तानी रोकिएपछि स्थानीय बासिन्दा संघर्ष समिति गठन गरेर चरणबद्ध आन्दोलनको घोषणा गरेका छन्। वैशाख १३ गतेदेखि टोल टोलमा अन्तरक्रिया तथा हस्ताक्षर संकलन गरिरहेको संघर्ष समितिले रुवैशाख १५ गते प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई ज्ञापन–पत्र बुझाउने, रुवैशाख २१ गते नगरपालिकामा विरोध प्रदर्शन गर्ने, र रुज्येष्ठ ४ गतेदेखि नगरपालिकामा तालाबन्दी गर्ने आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ।

# सक्कली दिएर नक्कली नोट खरिद !

## दुई करोड नक्कली रुपैयाँसहित ६ जना पक्राउ

**कृष्ण सिंह लोथ्याल**

काठमाडौं, १४ वैशाख। उदयपुरका सबिन थापा (नाम परिवर्तन) काठमाडौंमा लत्ताकपडा व्यापार गर्छन्। ५१ वर्षीय उनै थापालाई दुईहप्ता अघि पैसा सजिलै कमाउने एउटा अफर आउँछ। अफर दिने युवा उपयुरकै २६ वर्षीय योगबहादुर तामाङ थिए। उदयपुर ताप्ली गाउँपालिका–३ का तामाङले थापालाई भनेका थिए,"हामीसित नेपाली सक्कली नोटजस्तै देखिने धेरै पैसा छ। नपत्याए भिडियो हेर्नुहोस्। (भिडियो देखाउँछन्) बजारमा मज्जाले चल्छ। बैंकमा समेत साटिन्छ।"

सबिन थापाले भिडियो हेरे पनि बजार र बैंकमा चलिहाल्छन् भने विश्वास गरेका थिएनन्। उनले योगबहादुर तामाङलाई शंका मानेर प्रतिप्रश्न गर्दै सोधे,"के यो सबै कुरा सत्य हो त ? मैले कसरी विश्वास गर्ने बैंकमा साटिन्छ भनेर ?" योगबहादुर ग्यारेन्टी गर्दै भने,"ल तपाईंलाई विश्वास लागेन भने पहिला हामी तपाईंलाई दुई हजारका दुईवटा नोट दिन्छौँ। तपाईंले एक हजार मात्रै दिए पुग्छ। त्यो दुई हजार साटिएन भने त्यसको जिम्मा म भएँ।"

योगको कुरा अब सविनले पत्याए आफुसितको एक हजारको नोट योगलाई बुझाए। योगको समूहसित रहेको हजारको बण्डलबाट एक/एक हजारको दुई नोट लिएर गए। सबिन बजारमा व्यपारी झुक्किन सक्छन् भनेर पुष्टिका लागि सिधै बैंकमा गए। आफूसितको दुई हजारको नोटको खुद्रा चाहिने भन्दै उनी बैंक पुगे। बैंकले बिना रोकतोक साटिदियो। सविन छक्क परे। साच्चिकै बैंकले समेत चाल नपाउने नक्कली नोटहरु कसरी योगको समूहले बनायो ? सविन बैंकबाट रकम साटेलगत्तै योगकै समूहसित रकम साट्नेबारे छलफल अघि बढाए।

योगको समूहले आफूहरुसितको सबै नोटहरु त्यस्तै भएको र एक हजारको दुई हजारका दरले साट्ने जानकारी दिए। सबिनलाई लोभ पलायो। दिनभरी कपडा बिक्री गरेर रकम कमाउनुभन्दा आफूसित भएको हजारको नोटले अर्को दुई हजार साट्दा नै फाइदा देखे। उनी दैनिक ५ देखि १० हजार रुपैयाँ त्यसैगरी साटिरहेका थिए। योगको समूहले २० हजार रुपैयाँसम्म त्यसैगरी सविनसित कारोबार गरे। सबिनले १० हजार लगानी गरेर अर्को १० हजार रुपैयाँ कमाएपछि भने ठूलो रकम साट्ने प्रस्थाव आफैँले गरे।

२० लाख रुपैयाँ बोकेर ४० लाख रुपैयाँ साट्न उनी योगको समूहलाई भेट्न पुगे। तर, २० लाख बुझाएर ४० लाख रुपैयाँ साट्दा सबै नोटहरु प्याकिङ गरिएका भेटिए। झोलामा राखिएको रकम खोलेर हेर्दासम्म योगको समूह सविनले बोकर ल्याएको २० लाख रुपैयाँ बोकेर हिँडिसकेका थिए। एक लाखको बण्डलको तलमाथि एक/एक हजारमात्रै नोट राखेर भित्र सबै कागज थियो। ४० लाखको लोभले सविनले २० लाख रुपैयाँ गुमाए। २० लाख गुमेपछि भने सबिनको होस् हवास् उड्यो।

उनी उनी उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु पुगे। प्रहरीले उनकै उजुरीका अधारमा ६ जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरुको साथबाट ठगी गर्न प्रयोग गरिएको दुई करोड बराबरको नक्कली नोटको बण्डलसमेत बरामद गरेको छ। पक्राउ पर्नेहरुमा उदयपुर ताप्लिकै ३८ वर्षीय मिलन कुमार तामाङ, सोहीका ३६ वर्षीय भविन्द्र कुमार तामाङ छन्। यसरी नै चितवन रत्ननगर गाउँपालिका–५ का ३४ वर्षीय प्रबिन महत्तो, रौटहट गजुरा नगरपालिका–१ का २८ वर्षीय मुना धामी र चितवन कालिकाका ३८ वर्षीय सत्य नारायण चौधरी छन्।

**प्रलोभनमा पार्न एकको दुई सक्कली नोट नै दिन्थ्यो यो समूह**

पक्राउ परेकाको साथबाट बरामद भएको २ करोड नक्कली नोटहरुमध्ये केही नोट भने सक्कली नै रहेको प्रहरीको अनुसन्धानमा खुलेको छ। उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्काका अनुसार यो समूहले ठूलो रकम हात पार्न केही सक्कली रुपैयाँ नै लगानी गर्ने गरेको खुलेको हो। सविनलाई समेत सुरुमा प्रभाव पार्न १० हजार रुपैयाँ दिएर २० हजार सक्कली नोट नै दिएको खुलाएको हो।

एसएसपी खड्का भन्छन्,"यो समूह सुरुमै ठगी गर्ने समूह होइन रहेछ। सुरुमा पीडितलाई प्रभाव पार्न सक्कली नोट नै नक्कली भनेर लगानी गर्दा रहेछन्। जब पीडित प्रभावमा परेपछि ठूलो रकम साट्न खोज्छन् अनि नक्कली र काजगका रकम बुझाएर भाग्दा रहेछन्।" यो समूहले सविनसहित अन्य ३ जनालाई यसरी नै ठूलो रकमसहित ठगी गरेको खुलेको एसएसपी खड्काको भनाइ छ। प्रहरीले यो समूहले ठगी गर्न प्रयोग गरेको एक ईभी गाडी र एक मोटरसाइकल समेत बरामद गरेको छ।

उनीहरुले गाडीभित्र ठगी गर्न राखिएको कालो झोला भित्र ४० बण्डल नक्कली रकम (२ करोड) रुपैयाँसमेत बरामद गरेको छ। बा.प्र.०१०३२ च ७३१२ नम्बरको ईभी गाडीको पछाडिको नम्बर प्लेटसमेत झिकेका थिए। अगाडिको नम्बर प्लेटलाई समेत छोप्न शैक्षिक अवलोकन भ्रमण राखिएको पोस्टर राखेका थिए। प्रहरीले उनीहरुमाथि थप अनुसन्धान अघि बढाएको छ। प्रहरीले यो समूहले अन्य व्यक्तिहरुलाई समेत यसैगरी ठगी गरेको आंशका गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)